# बि. पी. चिन्तनको कसीमा नेपाली काङ्ग्रेसको भावी कृषि नीति एक विश्लेषण

**कौशल कुमार पौडेल**
पूर्व सभापति, डेमोक्रेटिक एग्रिकल्चरिष्ट एशोसिशन-नेपाल (DAAN), Email: kaushalpdl@gmail.com

**डा. चन्द्र ढकाल**
पशु सेवा विज्ञ

**डा. सुनिता पाण्डे**
कृषि विज्ञ

## लेखसार

नेपालको कृषि क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मुख्य आधार हो। विगतदेखि वर्तमानसम्म लागु भएका नीति, योजना र रणनीतिहरूले कृषिको आधुनिकीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, किसानको जीवनस्तर उकास्ने र समावेशी ग्रामीण विकासलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेका छन्। साथै कृषक कल्याण र सशक्तीकरण, जैविक विविधता संरक्षण, जलवायु अनुकूलन खेती प्रणाली, खाद्य सुरक्षा र खाद्य सम्प्रभुतामासमेत उत्तिकै जोड दिएका छन्।

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बी.पी. कोइरालाको समाजवादी दृष्टिकोणले कृषक वर्गलाई उत्पादनका केन्द्र र नीति निर्माताका रूपमा स्थापित गर्नुपर्ने सन्देश दिन्छ। बी.पी.ले कृषकको स्वामित्व, पारिवारिक खेती प्रणालीको विकास, भूमिसुधार, सहकारीकरण, स्वदेशी बीउ-बिजन र प्रविधि प्रयोगमा जोड दिएका थिए। नेपालको वर्तमान नीतिहरूमा यी केही पक्षहरू समेटिएका छन्। २०४७ सालको प्रजातन्त्र पुनर्स्थापना पश्चात् लिइएको उदारीकरणको नीति र विश्व व्यापार सङ्गठनको सदस्यता पश्चात् अपनाइएको खुला व्यापार नीतिले बजारकेन्द्रित, आयातित उत्पादन सामग्री र प्रविधिको प्रयोग तथा विदेशी लगानी प्रवाहलाई प्राथमिकतामा राखेको देखिन्छ।

आयातमा बढ्दो परनिर्भरता, बढ्दो व्यापार घाटा, जलवायु परिवर्तनको प्रतिकूल असर र युवा पलाईनजस्ता बहुआयामिक चुनौतीहरूकाबिच सरकारले अब निर्यातमुखी कृषि उत्पादनमा लगानी, बजार विविधीकरण तथा प्रमुख खाद्यान्न बालीहरूमा आत्मनिर्भर हुने गरी रणनीति अवलम्बन गर्न आवश्यक छ। यसका लागि रणनीतिक सोच, संरचनागत सुधार र नवप्रविधि प्रवर्द्धनमा राम्रै लगानी गर्नुपर्ने देखिन्छ। साथै बहुसंख्यक साना तथा मझौला किसान/उद्यमीहरूलाई लक्षित गरी सहुलियतपूर्ण ऋण, प्राविधिक सेवा, तालिम र बजार पहुँच सुनिश्चित गर्नु जरुरी छ। युवालाई कृषिमा आकर्षित गर्न भौतिक पूर्वाधार विकास, लगानीको अवसर, प्रविधि अवलम्वन र भूमिमा सहज पहुँचजस्ता पक्षहरूलाई प्राथमिकतामा राखिनुपर्छ। यस्ता प्रयासहरूसगैं बी.पी.को समाजवादी दृष्टिकोणका महत्त्वपूर्ण पक्षहरूलाई समेट्दै वर्तमान बजार र अर्थ व्यवस्थाको सदुपयोग गर्न सकिएमा, समावेशी, न्यायपूर्ण, आत्मनिर्भर र दिगो कृषि विकासको ढोका खुल्न सक्छ।

**सूत्रशब्द**: नीति विश्लेषण, बी.पी. कोइराला, समाजवादी दृष्टिकोण, कृषक सशक्तीकरण, जलवायु परिवर्तन, खाद्य सम्प्रभुता, दिगो कृषि विकास।

## पृष्ठभूमि

बी.पी. कोइरालाले परिकल्पना गरेका कृषि नीति केवल उत्पादनमुखीमात्र थिएन, त्यो समाज रूपान्तरणमुखी पनि थियो । उनले कृषिलाई नेपालको समृद्धिको मेरुदण्डका रूपमा हेरेका थिए, जहाँ आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको सुरुवात कृषक वर्गको सशक्तीकरणबाट हुने विश्वास गरिएको थियो । बी.पी.को समाजवादी मूल्यमा आधारित कृषि नीतिले कृषक सशक्तीकरण, भूमिसुधार र गाउँको समृद्धिको परिकल्पना गरेको थियो । उनले भूमिहीन किसानको जमिनमा पहुँच र जसको जोत उसको पोतजस्ता न्यायोचित समाज निर्माणको सपना देखेका थिए ।

बी.पी.ले सहकारी प्रणाली, सामूहिक उत्पादन र कृषकमैत्री प्रविधिको प्रयोगद्वारा कृषिमा समानता र स्वावलम्बनको सपना देखे । उनले गाउँलाई विकासको केन्द्र मानेर ग्रामीण पूर्वाधार, शिक्षा, स्वास्थ्य रोजगार र बजार व्यवस्था सुधारको खाका प्रस्तुत गरे । बी.पी.ले लोकतन्त्रलाई कृषकको शासनका रूपमा परिभाषित गर्दै कृषि क्षेत्रले ग्रामीण विकासको नेतृत्व गर्नेमा जोड दिएका थिए । आजको सन्दर्भमा पनि उनको दृष्टिकोण उत्तिकै सान्दर्भिक देखिन्छ, जहाँ कृषि सामाजिक न्याय, समावेशी विकास र ग्रामीण सशक्तीकरणका लागि अत्यावश्यक छ ।

भूमिसुधार र कृषक सशक्तीकरण बी.पी. कोइरालाको कृषि दर्शनको केन्द्रमा पर्ने मुख्य विषयहरू थिए । उनले भूमिहीनता, ऋणदासता र दलालीजस्ता संरचनात्मक बेथितिलाई कृषक शोषणका मूल कारण माने । यस्ता अन्यायपूर्ण अवस्थाको अन्त्यका लागि उनले क्रान्तिकारी भूमिसुधार अपरिहार्य ठाने जसले कृषकलाई स्वाधीन, सक्षम र सम्मानित बनाउने आधार तयार गर्न सक्थ्यो । सन् १९५९ को भूमिसुधार नीतिमा बी.पी. कोइरालाले भूमिको अधिकतम स्वामित्व सीमा तोक्ने, बाँझो जमिन पुनः वितरण गर्ने र खेत जोत्नेलाई खेतको मालिक बनाउने प्रगतिशील अवधारणा अघि सारे । कृषकलाई सशक्त नबनाई लोकतन्त्रलाई दिगो र बलियो बनाउन सकिँदैन भन्ने उनको दृढ विश्वास थियो । त्यसैले उनले भूमिको पुनर्वितरणमार्फत कृषक वर्गलाई सामाजिक-आर्थिक रूपमा सशक्त बनाउने प्रयास गरे । भूमिको स्वामित्व कृषकले पाउँदा उनीहरूको आत्मसम्मान बढ्ने, उत्पादन क्षमता वृद्धि हुने र ग्रामीण विकासको मार्ग खुल्ने उनको विश्वास थियो । उनको दृष्टिकोणले आज पनि भूमि न्याय, कृषक अधिकार र ग्रामीण समावेशी विकासका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्नसक्छ ।

बी.पी. कोइरालाले कृषि क्षेत्रको आधुनिकीकरणलाई आवश्यक ठाने तर यसले किसानको विस्थापन नभई सशक्तीकरणको माध्यम हुनुपर्छ भन्नेमा उनी स्पष्ट थिए । निर्वाहमुखी र सानो कृषि भूमिमा आधारित श्रममुखी कृषि प्रणाली भएको नेपालजस्तो देशका लागि सस्तो, सरल र स्थानअनुकूल प्रविधि नै उपयुक्त हुन्छ भन्ने उनको गहिरो बुझाइ थियो । त्यसैले उनले स्थानीय उपकरणहरूको विकास, सामूहिक प्रयोग र प्राविधिक ज्ञानको बिस्तारमा जोड दिए । त्यसैगरी, उनले स्थानीय बीउ-विजन, परम्परागत कृषि ज्ञान र स्थानीय अभ्यासको संरक्षणलाई पनि महत्त्वपूर्ण मान्दथे । उनकाअनुसार आधुनिक कृषि प्रणाली परम्परा र स्थानीय परिवेशसँग बाझिनु हुँदैन, बरु त्यसको पूरक बन्नुपर्छ भन्ने नै हो । नेपालमा आधुनिक प्रविधि र परम्परागत सिप-ज्ञानबिच सन्तुलन कायम गर्ने बी.पी.को दृष्टिकोण आज पनि सान्दर्भिक र मार्गदर्शक बन्न सक्छ ।

"राजनीतिक नेतृत्वमा कृषक" भन्ने बी.पी. कोइरालाको सोच अत्यन्त परिवर्तनकारी मानिन्छ । उनले कृषक वर्गलाई केवल उत्पादनको परिधिमा सीमित नराखी राजनीतिक निर्णय प्रक्रियामा सक्रिय सहभागी बनाउने

दृष्टिकोण अघि सारे । त्यसका लागि उनले गाउँमै शिक्षा, स्वास्थ्य, सडक, सिञ्चाइ र अन्य पूर्वाधारको विकासमा जोड दिए, ताकि ग्रामीण जनताले आफ्नो भविष्यको निर्णय स्वयं गर्न सकून् । जब कृषक स्वयं निर्णयकर्ता बन्छ, तबमात्र नीति व्यावहारिक, न्यायसँगत र दिगो हुन्छ भन्ने विषयमा उनको दृढ विश्वास थियो । यस्तो सोचले ग्रामीण लोकतन्त्रको जरा बलियो बनाउँछ । आजको सन्दर्भमा, विशेषतः कृषकको राजनीतिक प्रतिनिधित्व कमजोर रहेको अवस्थामा, बी.पी.को यो दृष्टिकोण अझ सान्दर्भिक र प्रेरणादायी देखिन्छ ।

बी.पी. कोइरालाको गाउँ-केन्द्रित विकास मोडेल नेपालका लागि अत्यन्त दूरदर्शी थियो । "नेपालको समृद्धि गाउँको समृद्धिबाटमात्र सम्भव छ" भन्ने उनको भनाइमा ग्रामीण उत्पादनको मूल्य अभिवृद्धि रोजगारी सृजना, युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने र गाउँलाई स्वावलम्बी आर्थिक इकाइमा रूपान्तरण गर्ने स्पष्ट सोच समावेश थियो । नेपालका अधिकांश नागरिक गाउँमा बस्ने यथार्थलाई ध्यानमा राख्दा बी.पी.को यो दृष्टिकोण आज पनि सान्दर्भिक छ । कृषिमा आधारित ग्रामीण उद्यमशीलता र पूर्वाधार विकास नै समृद्ध नेपालको आधार बन्न सक्छ भन्ने उनको विचार आजको नीतिनिर्माणका लागि मार्गदर्शक बन्न सक्छ ।

## अध्ययनको समस्या

नेपालको कृषि क्षेत्र बहुआयामिक समस्याबाट ग्रसित छ । भूमिको खण्डीकरण, कृषि व्यवसायले उचित मूल्य नपाउनु, प्रविधिको न्यून पहुँच, युवाको तीव्र पलाईन, प्रभावकारी बजार संयन्त्रको अभाव तथा ग्रामीण पूर्वाधारको न्यून विकास यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । यस्ता चुनौतीहरूको दिगो समाधानका लागि बी.पी. कोइरालाले देखाएको मार्ग आज पनि सान्दर्भिक देखिन्छ । उनको सोचअनुसार, कृषकको नेतृत्वमा एकीकृत नीतिनिर्माण, न्यायोचित भूमिसुधार व्यवस्थापन, कृषकमैत्री र स्थानअनुकूल प्रविधिको प्रवर्द्धन, स्थानीय बीउ-विजनको संरक्षणसँगै जातीय विकास र गाउँमै रोजगारी सिर्जनाजस्ता उपायहरू अवलम्बन गर्नु आवश्यक छ । हालको कृषि नीतिलाई यथार्थपरक ढंगले पुनरावलोकन गर्दै गाउँ-केन्द्रित, आत्मनिर्भर, दिगो र समावेशी कृषि प्रणालीको विकास गर्नु आजको आवश्यकता हो ।

## अध्ययनको उद्देश्य

नेपालको कृषि क्षेत्रमा हाल विद्यमान संरचनागत र नीतिगत चुनौतीहरूको विश्लेषण गरी, बी.पी. कोइरालाको कृषि चिन्तनलाई आधार मानी समावेशी, आत्मनिर्भर उन्मुख र ग्रामीण विकासमा आधारित नीति परिमार्जनका सम्भावना खोज्नु नै यस नीति विश्लेषण अध्ययनको मुख्य उद्देश्य हो ।

## पूर्वकार्यको समीक्षा

नेपालको कृषि क्षेत्र देशको अर्थतन्त्र रोजगारी र खाद्य सुरक्षाको मेरुदण्ड हो । कुल जनसङ्ख्याको करिब ६० प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर रहेका छन् । देशको कुल गार्हस्थ उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान करिव २४ प्रतिशत रहेको छ । दीर्घकालीन योजनाले यस क्षेत्रको योगदान घटाउँदै लाने लक्ष्य लिएको छ । यो क्षेत्र अझै पनि परम्परागत, असँगठित र कम उत्पादनशील अवस्थामै रहेको छ । यस्तो स्थितिमा सुधार ल्याउन सरकारले विभिन्न नीति रणनीति, योजना तथा कानुनी संरचनाहरू तयार पारेको छ । प्रस्तुत विश्लेषणमा नेपालको कृषिसम्बन्धी नीतिगत दस्तावेजहरू, विकास रणनीतिहरू, कार्यान्वयन मार्गचित्रहरू, कानुनी संरचना र समसामयिक नीतिगत प्रवृत्तिहरू (trends) को समग्र समीक्षा गरिएको छ ।

नेपालमा कृषि क्षेत्रसँग सम्बन्धित करिब ५५ वटा नीति रणनीति, दूरदृष्टि दस्तावेज तथा पञ्चवर्षीय योजनाहरू रहेका छन् । तीमध्ये अधिकांश नीति कृषि उत्पादन वृद्धि, व्यवसायीकरण र खाद्य सुरक्षामा केन्द्रित छन् । यस्तै, कानुनी आधारका लागि करिब ४० वटा कृषि क्षेत्रसँग सम्बन्धित ऐन तथा नियमहरू निर्माण भइसकेका छन् । त्यसमध्ये उल्लेखनीय कानुनी दस्तावेजहरूमा भूमिसम्बन्धी ऐन, २०२१, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, बीउ बीजन ऐन, २०४५, जीवनाशक विषादी ऐन, २०४८, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ऐन, २०४८ र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ प्रमुख छन् । यी कानुनी संरचनाले कृषि उत्पादन, गुणस्तर सुधार, अनुसन्धान, कृषक अधिकार, पशुपालन प्रवर्द्धन, बीउ-विजन, खाद्य सुरक्षा, बजार व्यवस्थापन तथा वातावरण संरक्षणजस्ता विविध पक्ष समेटेर नेपालको कृषि प्रणालीलाई व्यवस्थित र सक्षम बनाउने आधार तयार गरेका छन् । यद्यपि, तीमध्ये केही नीति तथा कानुनहरू समयसापेक्ष परिमार्जन हुन नसक्दा हालका सवाल र चुनौतीहरूको सम्बोधन हुन सकेको छैन । त्यसैले तिनीहरूको पुनरावलोकन र आवश्यक परिमार्जन अपरिहार्य भएको छ ।

राष्ट्रिय कृषि नीति, २०६१ ले निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गर्दै दिगो कृषि विकासको माध्यमबाट जनजीवनको स्तरमा सुधार ल्याउने लक्ष्यसहित ५६ वटा नीतिगत व्यवस्था प्रस्तुत गरेको थियो । यस नीतिले भूमिको वैज्ञानिक उपयोगदेखि कृषिलाई आवश्यक पर्ने पूर्वाधारको बिस्तारसम्म विविध विषयलाई समेट्दै आजको सन्दर्भमासमेत उपयोगी अनेकौं तत्त्वहरू समावेश गरेको छ । यद्यपि, वर्तमान सङ्घीय सरकारको संरचना, कार्यक्षेत्र बिस्तार र प्रविधिमा भएका उल्लेखनीय परिवर्तनहरूलाई मध्यनजर गर्दै यो नीतिलाई पुनरावलोकन गरी अद्यावधिक गर्नु अपरिहार्य छ ।

दूध, माछा, मासु तथा अण्डा उत्पादनमा आत्मनिर्रता हासिल गरी पशुपन्छी क्षेत्रको दिगो व्यवस्थापनका लागि यी नीति तथा योजनाहरूले केही हदसम्म सम्वोधन गरेको देखिन्छ । यी योजनाहरूले पशु आनुवंशिक स्रोत संरक्षण, कृत्रिम गर्भाधान, खोर सुधार रोग नियन्त्रण र व्यावसायिक उत्पादन प्रवर्द्धनमा मार्गदर्शन प्रदान गरेको छ तर, नीति र कार्यान्वयनबिचको तादम्यता र कार्यान्वयन क्षमता, बजेट तथा समन्वयको अभावले गर्दा यस्ता योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकिरहेका छैनन् ।

कृषि विकास रणनीति (Agriculture Development Strategy - ADS) कृषि क्षेत्रको समग्र विकासको बीस वर्षे दीर्घकालीन रणनैतिक दस्तावेज हो जसले नेपालको कृषि क्षेत्रमा परिवर्तन र समृद्धिको स्पष्ट रूपरेखा प्रस्तुत गरेको छ । यस रणनीतिको मूलमन्त्र “कृषिबाट समृद्धि” रहेको छ । उत्पादकत्व, व्यावसायिकता, प्रतिस्पर्धात्मकता र समावेशीतालाई ADS ले चार प्रमुख आधारको रूपमा अङ्गीकार गरेको छ । यसअन्तर्गत कृषि शिक्षा, अनुसन्धान, सहकारी संस्था सुदृढीकरण, खाद्य सुरक्षा सुधार, भू-सम्पत्ति व्यवस्थापन, पशुपालन तथा मत्स्य क्षेत्रको प्रवर्द्धन र मूल्य शङ्खला विकासमा विशेष जोड दिइएको छ । नेपाल सरकारले सन् २०२१ मा सम्पन्न संयुक्त राष्ट्रसंघीय खाद्य प्रणाली शिखर सम्मेलन पछिको प्रतिबद्धताअनुसार खाद्य प्रणाली रूपान्तरणको नीति अङ्गीकार गरेको छ । यसले खेतीदेखि उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीमा दिगोपना, पोषण, समावेशीता र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्य राख्दछ । यस अवधारणाले स्थानीय बीउविजनको संरक्षण, पोषणयुक्त खाद्य उत्पादन प्रवर्धन, जैविक खेती र जलवायु अनुकूल प्रतिस्पर्धी कृषि प्रणालीलाई प्राथमिकतामा राखेको छ ।

पऱ्यावरणीय कृषि (Ecological Farming) नेपालका लागि अत्यन्त उपयुक्त अवधारणा हो, जसको प्रमुख उद्देश्य प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै कृषिमा वातावरणीय दिगोपना कायम गर्नु हो । नेपाल सरकारले जैविक मलको प्रयोग, परम्परागत बीउ संरक्षण, कम पानीमा आधारित खेती प्रणाली तथा वातावरणमैत्री कृषि प्रविधि प्रोत्साहनका लागि कृषि पऱ्यावरण मार्गचित्र (Agroecological Roadmap) तयार गरी कार्यान्वयन गरिरहेको छ। यस मार्गचित्रले जलवायु परिवर्तन, माटोको स्वास्थ्य संरक्षण र जैविक विविधताको संरक्षणजस्ता महत्त्वपूर्ण विषयहरूमा केन्द्रित नीति तथा कार्ययोजना निर्माण गरेको छ।

१६ औं पाँचवर्षीय योजनाले कृषिलाई ग्रामीण विकास, खाद्य सुरक्षा र आय वृद्धिको आधार मानेर कृषि व्यवसायीकरण, प्रविधिको प्रयोग तथा पूर्वाधार निर्माणमा विशेष जोड दिएको छ । यस योजनाले निजी क्षेत्र, सहकारी तथा राज्य तीनै तहबिच सहकार्यमार्फत उत्पादन वृद्धि, सिँचाइको बिस्तार, बीउविजन सुधार र बजार पहुँचमा सुधार गर्ने लक्ष्य लिएको थियो तर, कार्यान्वयन पक्ष कमजोर रहँदा अपेक्षित परिणाम हासिल गर्न सकिएको छैन । हाल सरकारको ध्यान कृषक सशक्तीकरण, महिला कृषकको सहभागिता, कृषि क्षेत्रमा डिजिटल प्रविधिको उपयोग, बजारअनुकूल उत्पादन प्रणाली, कृषि बिमा तथा मूल्य समर्थन प्रणालीमा केन्द्रित हुँदै गएको छ।

कमजोर नीति कार्यान्वयन, बजेट अपर्याप्तता, प्रविधि पहुँचमा असमानता, किसानको कमजोर सामुहिक सौदाबाजी, संघीयता अनुरूप स्पष्ट जिम्मेवारी विभाजनको कमी, अवैज्ञानिक संरचनागत ढाँचा र समसामयिक कृषि नीतिको अभाव वर्तमान चुनौतीहरू हुन् । नेपालको कृषिक्षेत्रमा दीर्घकालीन नीति रणनीति, योजना र कानुनी दस्तावेजहरू प्रशस्त भए तापनि कार्यान्वयन पक्ष कमजोर छ। उत्पादन वृद्धि, आत्मनिर्भरता र ग्रामीण समृद्धि हासिल गर्न यी नीतिहरूबिच समन्वय, समयानुकूल अद्यावधिक र किसानकेन्द्रित कार्यान्वयन पद्धति आवश्यक छ।

नीति र कार्यान्वयनबिचको दूरी घटाउँदै, बी.पी. कोइरालाको दर्शनअनुसार गाउँमुखी, स्वावलम्बी र समावेशी कृषि प्रणालीलाई आधुनिक पऱ्यावरणीय कृषि (Ecological Farming) को अवधारणासँग समायोजन गर्दै समृद्ध कृषि विकासको स्पष्ट कार्ययोजना आवश्यक देखिन्छ।

## अनुसन्धान विधि

कृषि नीति विश्लेषणका लागि बहुविधि अनुसन्धान विधिहरू प्रयोग गरिएको छ । नीति सङ्कलन, पूर्व कार्यसमीक्षा र अवलोकनबाट सुरु गरी समसामयिक नीतिहरूको अध्ययन तथा विश्लेषण गरिएको छ। समीक्षा र विश्लेषणमार्फत नीतिका उद्देश्य, कार्यान्वयन प्रक्रिया, प्रभाव र चुनौतीहरूको गहिरो बुझाइको प्रयास गरिएको छ।

SWOT विश्लेषण (बलियो पक्ष, कमजोर पक्ष, अवसर र जोखिम) ले नीतिका आन्तरिक र बाह्य पक्षहरूको मूल्याङ्कन गर्छ भने, आलोचनात्मक विश्लेषणले नीतिका बलिया र कमजोर पक्षहरूको गहिरो परीक्षण गर्न मद्दत पुऱ्याउँछ । प्रभाव अध्ययनले नीति र कार्यान्वयनले कृषक र बजारमा पार्ने समष्टिगत प्रभाव मापन गर्दछ । अन्ततः, यी अनुसन्धान विधिहरूबाट प्राप्त मूल्याङ्कनका आधारमा नीति सुधारका सिफारिसहरू तयार गरिएको छ। यसले कृषि नीतिको प्रभावकारिता र दिगोपना सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ।

## अनुसन्धानको सीमा

कृषि नीति विश्लेषण अनुसन्धानमा केही सीमाहरू अवश्य छन् । उपलब्ध स्रोत र तथ्याङ्कको अभावले समग्र विश्लेषणमा बाधा पुऱ्याउन सक्छ । नीतिहरू समयसँगै परिवर्तन भइरहने भएकाले निष्कर्षहरू सीमित अवधिसम्ममात्र सान्दर्भिक हुनसक्छन् । क्षेत्रीय विविधता र स्थानीय सन्दर्भलाई पूर्ण रूपमा समेट्न कठिनाइ हुनसक्छ । चौथो, केही नीतिहरूको प्रभाव मापन गर्न लामो समय लाग्ने भएकाले तुरुन्त परिणाम देखिन नसक्ने सम्भावना हुन्छ । अन्ततः, अनुसन्धानमा विषयगत रूपमा हुन सक्ने झुकाव र व्याख्यात्मक भिन्नता हुने सम्भावना पनि रहन्छ । यी सीमाहरूलाई ध्यानमा राखेर अध्ययन परिणामको व्याख्या र नीतिगत सिफारिस तयार गर्न खोजिएको छ ।

## नतिजा र छलफल

नेपालको राष्ट्रिय कृषि नीतिले बि. पी. कोइरालाको चिन्तनलाई धेरै हदसम्म समेट्ने प्रयास गरेको छ । कृषक कल्याण, भूमिसुधार, स्वावलम्बी कृषि प्रविधि विकास र ग्रामीण विकास केन्द्रित समृद्धि भन्ने मूल बिचारलाई कृषि नीतिले पनि प्राथमिकता दिएको छ । विशेष गरी कृषकलाई नीतिनिर्माण र कार्यान्वयनमा सहभागी गराउने, भूमिसुधारमार्फत कृषकको अधिकार सुनिश्चित गर्ने र साना किसानमैत्री प्रविधिको विकास तथा प्रयोगलाई प्रोत्साहन गर्ने कुरा राष्ट्रिय नीतिमा स्पष्ट देखिन्छ । आर्थिक विकासमात्र नभई सामाजिक परिवर्तनको इञ्जिनको रूपमा कृषिलाई हेरिनुपर्ने बि. पी. को दृष्टिकोणलाई नीतिनिर्माणमासमेत आत्मसात् गरिएको छ ।

कृषकको नेतृत्व र समुदायको स्वामित्वलाई बि. पी. ले सबैभन्दा ठुलो महत्त्व दिएका थिए भने राष्ट्रिय कृषि नीति त्यति धेरै समष्टिगत वा समाजवादी मूलधारमा केन्द्रित छैन । नीतिले समग्र व्यावसायिकरण, प्रतिस्पर्धी र स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा आधारित कृषि विकास र निजी क्षेत्रको सहभागितामा जोड दिएको छ जुन बि. पी. को सामाजिक समानता, वर्गीय चेतना र नेपाली ग्रामीण परिवेशसँग सधैं मेल नखान सक्छ । बि. पी.द्वारा प्रतिपादित कृषक वर्गको पूर्ण स्वामित्व र नियन्त्रणको सपना कृषि नीतिले पूर्ण रूपमा प्रतिनिधित्व गर्न सक्दैन ।

सामाजिक न्याय र समता बि. पी. का मूल मूल्य थिए तर वर्तमान नीति तथा कार्यक्रमहरूमा यी पक्ष अझै पूर्ण रूपमा प्रभावकारी बनेका छैनन् । समग्रमा राष्ट्रिय कृषि नीतिले बि. पी. को चिन्तनका धेरै सकारात्मक पक्षहरूलाई आत्मसात् गरेको भए पनि, उनको समाजवादी दृष्टिकोणलाई पूर्ण रूपमा लागु गर्न सकेको छैन । बि. पी. को समाजवादी बिचारधाराको महत्त्वपूर्ण अंशहरू-जस्तै वर्गीय समानता, कृषकहरूको सशक्त सामूहिक स्वामित्व र राज्यको प्रभावकारी भूमिकामा नीतिगत प्रतिबद्धता आवश्यक देखिन्छ ।

नेपालको कृषि विकास रणनीतिले पनि बि. पी. कोइरालाको चिन्तनलाई धेरै दृष्टिले समेट्न खोजेको पाइन्छ । विशेष गरी साना किसानहरूको क्षमता वृद्धि, कृषि प्रविधिको पहुँच बिस्तार र स्थानीय संसाधनको संरक्षणजस्ता पक्षहरूमा बि. पी. को सोच प्रतिबिम्बित भएको देखिन्छ । रणनीतिले कृषक नेतृत्वमा नीतिनिर्माण र कार्यान्वयन, पऱ्यावरणीय संरक्षण र जलवायु अनुकूल खेती प्रणाली विकास गर्ने लक्ष्य राखेर बि. पी. को बिचारलाई समेटेको छ । यसले कृषक समुदायको आयस्तर सुधार र जीवनस्तर उकास्ने लक्ष्य पनि सम्बोधन गरेको छ ।

बि. पी. को समाजवादी दृष्टिकोण वर्गीय असमानता र दलाली प्रथाको उन्मूलनमार्फत समाजको रूपान्तरण

समाजवादी सोचमा भूमिको समान वितरण, कृषकहरूको सामूहिक स्वामित्व र राज्यको सक्रिय हस्तक्षेप अनिवार्य थिए। वर्तमान कृषि विकास रणनीतिमा भने निजी क्षेत्रको भूमिका बढेको छ र समग्र व्यावसायिक तथा प्रतिस्पर्धी कृषि प्रणालीको मोडेललाई प्रोत्साहन दिइएको छ जसले साना किसानको संरक्षणमा सीमित प्रभाव पार्न सक्छ। साथै, भूमि पुनर्वितरण र दलाली प्रथाको पूर्ण उन्मूलनमा रणनीतिले अपेक्षित प्रभाव दिन नसकेको देखिन्छ जसले कृषकहरूबिच सामाजिक असमानता अझै कायम राखेको छ।

कृषिलाई केवल आर्थिक गतिविधि नभई सामाजिक-राजनीतिक परिवर्तनको इञ्जिनको रूपमा हेर्ने बि. पी.को दृष्टिकोणलाई राष्ट्रिय नीति र रणनीतिमा पर्याप्त रूपमा समेट्न सकिएको छैन। उनको दृष्टिमा कृषक नै राजनीतिक शक्ति हुनु आवश्यक थियो, जब कि हालको रणनीतिमा कृषकको राजनीतिक भूमिका सीमित छ। यसको अर्थ कृषक वर्गको नेतृत्व र आवाज अझ सशक्त हुन आवश्यक छ। समग्रमा, नेपालको कृषि विकास रणनीतिले बि. पी. को कृषक सशक्तीकरण, स्वावलम्बन र पर्यावरणीय संरक्षणजस्ता सकारात्मक पक्षलाई समेटेको भए पनि, उनको समाजवादी सोचमा निहित वर्गीय समानता, भूमिसुधारको प्रभावकारी कार्यान्वयन र कृषक वर्गको पूर्ण राजनीतिक सशक्तीकरणजस्ता महत्त्वपूर्ण पक्षहरूलाई पूरा समर्थन गर्न सकेको छैन।

नेपालको दीर्घकालीन कृषि योजना, आवधिक पञ्चवर्षीय योजनाहरू र १६औं योजनाले बी.पी. कोइरालाको चिन्तनलाई केही हदसम्म समेट्न सकेका छन्। बी.पी.ले समाजवादी अर्थतन्त्र, कृषक सशक्तीकरण, भूमिसुधार, आत्मनिर्भर र ग्रामीण विकास केन्द्रित समृद्धिलाई प्रमुख प्राथमिकता दिएका थिए। १६ औं योजना र दीर्घकालीन कृषि योजनामा पनि यी विषयहरूलाई समेटेर कृषकको आय वृद्धि, आधुनिक प्रविधिको पहुँच बिस्तार, स्थानीय स्रोत संरक्षण र जलवायु अनुकूल खेती प्रणाली विकासमा जोड दिइएको छ। आवधिक योजनाहरूले खाद्य सुरक्षा, कृषकको जीवनस्तर सुधार, ग्रामीण पूर्वाधार विकास र बजार पहुँचजस्ता विषयलाई अगाडि राख्दै बी.पी.को बिचारलाई आधुनिक सन्दर्भमा परिमार्जन गरी अघि बढाउने प्रयास गरेका छन्।

यद्यपि, बी.पी.को समाजवादी दृष्टिकोणसँग तुलना गर्दा हाम्रा नीति रणनीति तथा योजनाहरूले कृषक वर्गको सामूहिक स्वामित्व, भूमिसुधारको पूर्ण कार्यान्वयन, दलाली प्रथाको उन्मूलन र राज्यको सक्रिय हस्तक्षेपमार्फत सामाजिक-आर्थिक समानता स्थापित गर्नुपर्ने विषय र भूमिसुधारलाई कृषक वर्गकोमात्र अधिकार नभई, सामाजिक न्यायको पक्षमा उजागर गर्नु भन्दा व्यावसायिक तथा प्रतिस्पर्धी कृषि प्रणालीमा बढी जोड दिएको देखिन्छ। अर्कोतर्फ, बी.पी.ले कृषकलाई राजनीतिक शक्ति बनाउने र लोकतन्त्रलाई कृषक शासनको रूपमा स्थापित गर्ने सोच राखेका थिए तर दीर्घकालीन योजना र आवधिक योजनाहरूमा कृषकको राजनीतिक सशक्तीकरण र नेतृत्वको विषय सीमितमात्रामा छ। यसको अर्थ, कृषक वर्गलाई पूर्ण रूपमा नीतिगत निर्णय र कार्यान्वयनमा सहभागी गराउने प्रयास अझै अधूरो छ।

नेपालको खाद्य प्रणाली रूपान्तरण, पर्यावरणीय कृषि, जलवायु परिवर्तन र राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contribution) का दस्तावेजहरूमासमेत बी.पी. कोइरालाको चिन्तन केही हदसम्म समेटिएको देखिन्छ। 'स्थानीय उत्पादन प्रवर्धन', 'पर्यावरणमैत्री कृषि' र 'जलवायु अनुकूल कृषि'जस्ता अवधारणाबाट कृषकको कल्याण, आत्मनिर्भरता तथा दिगोपना प्रतिबिम्बित हुन्छ। खाद्य प्रणाली रूपान्तरणले उत्पादनदेखि उपभोक्तासम्म सम्पूर्ण शृङ्खलामा दिगोपन र प्रभावकारिता ल्याउने लक्ष्य राखेको छ जसले बी.पी.को किसानमूलक विकास र स्वावलम्बनको दृष्टिकोणलाई समर्थन गर्छ। पर्यावरणीय कृषि र जलवायु परिवर्तनसँग जुद्ने रणनीतिहरूले जैविक कृषि, माटो स्वास्थ्य र जलवायु अनुकूल प्रविधिको विकासमा जोड दिएर प्राकृतिक स्रोत संरक्षणमा बी.पी.को परम्परागत बिचारलाई आधुनिक रूप दिएका छन्।

तर बी.पी.को समाजवादी दृष्टिकोणसँग जोडिएका कृषक वर्गको आर्थिक समानता, भूमिसुधार, सामूहिक स्वामित्व, कृषक मुक्ति र सामाजिक न्यायको आधारलाई आजका अधिकतम नीतिहरूले व्यावसायिक तथा बजार-केन्द्रित, प्रतिस्पर्धी निजी क्षेत्रको सहभागिता र आयातित प्रविधिमा केन्द्रित कृषि प्रणालीको सम्वर्धनमा जोड दिएका छन्, जुन आम कृषक वर्गको वास्तविक सशक्तीकरणमा आधारित नहुन पनि सक्छन् ।

त्यसैगरी, खाद्य प्रणाली रूपान्तरण र पर्यावरणीय कृषि नीतिहरूमा समावेशीकरण, सामाजिक न्याय र वर्गीय समानताको विषयहरू र कृषकलाई सशक्त बनाउने राजनीतिक र सामाजिक पक्षलाई मजबुत बनाउने पक्ष कमजोर छ । नेपालको खाद्य प्रणाली रूपान्तरण, पर्यावरणीय कृषि र जलवायुसम्बन्धी नीतिहरू बी.पी.को चिन्तनका प्रगतिशील पक्षहरूलाई समेट्न सफल भए तापनि, उनीहरूको समाजवादी र वर्गीय न्यायको दृष्टिकोणसँग पूर्ण रूपमा मेल खाँदैनन् ।

जलवायु परिवर्तनको सन्दर्भमा बी.पी.को बिचारमा प्रत्यक्ष जलवायु भन्ने शब्द उल्लेख नगरिए पनि, प्राकृतिक स्रोत र वातावरण संरक्षणको दृष्टिकोण प्रस्ट थियो । उनी कृषिको दीगोपन र प्रकृतिसँगको सन्तुलनलाई आवश्यक मान्थे । आजका रणनीतिहरूले जलवायु परिवर्तन अनुकूलन कृषि प्रणाली, प्रविधि, जल एवम् माटो व्यवस्थापनजस्ता पक्षमा केन्द्रित रहेर बी.पी.को उक्त मूलधार बिचारलाई समेट्ने प्रयास गरेका छन् । यद्यपि, जलवायु संवेदनशील कृषक वर्गलाई संरचनागत समर्थन र सशक्तीकरणको पक्ष भने अझै कमजोर देखिन्छ, जुन बी.पी.को वर्गीय न्यायको अवधारणासँग मेल खाँदैन ।

युवा पलाईन कृषि क्षेत्रको अर्को गम्भीर चुनौती हो । बी.पी.को दृष्टिमा युवाहरूको भूमिकालाई परिवर्तनको चालक शक्तिका रूपमा लिइन्थ्यो । उनले शिक्षित युवालाई कृषि तथा ग्रामीण क्षेत्रमा परिचालन गरेर उत्पादक कार्यमा जोड दिनुपर्ने धारणा राखेका थिए । हालका रणनीतिहरूले युवालाई कृषितर्फ आकर्षित गर्ने प्रविधि, उद्यमशीलता र व्यावसायिकतालाई जोड दिन्छन् तर भूमिमा पहुँच, उत्पादन स्रोतको स्वामित्व र सामाजिक संरक्षणजस्ता आधारभूत विषयलाई प्राथमिकतामा राखेर बी.पी.ले देखेको युवाको समावेशी नेतृत्व र संरचनात्मक समानताको सोचलाई अगाडि बढाउन सकेका छैनन् ।

खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको सवालमा बी.पी.को दृष्टिकोण अत्यन्त सशक्त देखिन्छ । उनले कृषकलाई आत्मनिर्भर बनाउने, उत्पादन प्रणालीलाई स्वदेशी बनाउने र देशको खाद्य प्रणालीलाई राजनीतिक स्वतन्त्रतासँग जोड्ने दृष्टिकोण राखेका थिए । आजको सन्दर्भमा खाद्य सुरक्षालाई उत्पादन उत्पादकत्व बढाउने, पोषण सुधार्ने र आयात घटाउने एजेन्डामा सीमित गरिँदैछ । खाद्य सम्प्रभुताको अर्थ नीतिगत निर्णयमा कृषकको स्वायत्तता, स्थानीय बीउ-बिजन, उत्पादन विधि र बजारमा पहुँच सुनिश्चित गर्नु हो जुन बी.पी.को आत्मनिर्भर किसान र स्वदेशी अर्थतन्त्रको सोचसँग मेल खान्छ । यद्यपि विद्यमान नीतिहरूले बजार र व्यापारको नाममा बहुराष्ट्रिय कम्पनी, बीउ कम्पनी र परनिर्भर प्रणालीलाई बढी स्थान दिइरहेका छन्, जुन बी.पी.को दृष्टिकोणको प्रतिकूल देखिन्छ ।

आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका रणनीतिहरू पनि बी.पी.को कृषि आत्मनिर्भरताको सोचसँग सतही रूपमा मेल खान सक्छन् । बी.पी.ले कृषि उत्पादनमा मूल्यप्रवर्धन, कृषि औद्योगीकरण र स्थानीय स्रोतको अधिकतम उपयोगमा जोड दिएका थिए । अहिलेको रणनीतिले पनि प्रतिस्थापन र निर्यात बढाउन तल्लो

तहसम्मको संकलन, प्रशोधन र मूल्य शृङ्खलामा सुधार ल्याउन थालेको छ तर उत्पादनका साधन र स्वामित्वमा किसानको नेतृत्व नभएसम्म यो प्रक्रिया बी.पी.को किसान-केन्द्रित सोचको तुलनामा औपचारिकमात्र रहन सक्छ।

कृषिमा वैदेशिक लगानीको सन्दर्भमा भने बी.पी.को दृष्टिकोण स्पष्ट रूपमा भिन्न देखिन्छ। उनी राष्ट्रको सम्पत्तिमा स्वदेशी स्वामित्व र व्यवस्थापनमा जोड दिन्थे। कृषि उत्पादन प्रणालीलाई बहुराष्ट्रिय कम्पनी वा विदेशी पूँजीले सञ्चालन गर्न सक्ने अवस्था बी.पी.को आत्मनिर्भर, सामाजिक रूपान्तरणमुखी दृष्टिकोणको प्रतिकूल मान्न सकिन्छ। अहिले वैदेशिक लगानीले प्रविधि ल्याउने रोजगारी सिर्जना गर्ने भनेर प्रचार गरिए पनि, जमिन, बीउ, पानी, बजारजस्ता स्रोतमा विदेशी हस्तक्षेप हुनसक्ने सम्भावना छ जसले कृषकको अधिकारमा प्रत्यक्ष असर गर्नसक्छ।

सहुलियतपूर्ण कृषि कर्जा र बीमाको अवधारणा भने बी.पी.को सोचसँग तुलनात्मक रूपमा नजिक देखिन्छ। उनले कृषकलाई सहकारी, संस्थागत र ऋण सुविधाबाट आत्मनिर्भर बनाउनुपर्ने धारणा राखेका थिए। अहिले सहुलियत दरमा कृषि कर्जा, बीउ अनुदान, पशु बीमा, बाली बीमाजस्ता कार्यक्रमहरूले जोखिम न्यूनीकरणमा केही सकारात्मक काम गरेका छन्। यद्यपि, यी कार्यक्रमहरू पहुँचयोग्य र वर्गीय रूपमा न्यायसङ्गत नभए बी.पी.को कृषकको सशक्तीकरणको मूल भावनालाई पूरा गर्न सक्दैनन्। निजी बैंकको सीमित पहुँच, साहुकार प्रवृत्ति र कागजी झन्झटका कारण यी योजनाहरू अझै गरिब, साना किसान र दलित समुदायमा पुग्न सकेका छैनन्।

त्यस्तै, कृषिमा सहकारी संरचनाको कमजोर सञ्चालन र किसान समूहहरूको नीतिगत सहभागिताको कमी बी.पी.को सामूहिक स्वामित्व, सहकार्य र लोकशक्ति-केन्द्रित विकास दृष्टिकोणको विरुद्धमा जान सक्छ। बी.पी.ले उत्पादनका साधन, विशेष गरी जमिनको प्रयोगमा समान पहुँच, सामूहिकता र नाफाभन्दा उपयोगितालाई मूल्य दिनुपर्ने तर्क गरेका थिए, जुन आजको नीतिमा बजार मुनाफालाई पहिलो प्राथमिकतामा राखेर दबाइएको देखिन्छ।

अन्ततः, नेपालको कृषि विकासमा देखा परेका नीति र रणनीति रूपान्तरणका धेरै पक्षहरू बी.पी.को चिन्तनका केही आयामहरू जस्तै आत्मनिर्भरता, कृषक सशक्तीकरण, प्राकृतिक स्रोत संरक्षण र सामाजिक उत्तरदायित्वसँग मेल खान्छन् तर, समग्रमा हेर्दा बी.पी.को समाजवादी दृष्टिकोणले बलियो रूपमा अगाडि सारेका वर्गीय न्याय, उत्पादनमा स्वदेशी स्वामित्व, कृषक नेतृत्वमा नीतिनिर्माण, सामूहिक स्वामित्वको प्रवर्द्धन र भूमिसुधारजस्ता विषयहरू कमजोर देखिन्छन्। कृषि प्रणालीलाई सामाजिक न्यायको माध्यम बनाउने बी.पी.को सपना, आजका बजार-केन्द्रित, लगानी-प्रवर्द्धनमुखी र परनिर्भर ढाँचा चुनौतीमा परेको देखिन्छ।

अबको कृषि नीतिको भावी दिशाले बी.पी.को समावेशी, आत्मनिर्भर, सामाजिक न्याययुक्त दृष्टिकोणलाई पुनः आत्मसात् गरी कृषकको वास्तविक सशक्तीकरण, संरचनागत सुधार र राष्ट्रिय स्वाधीनतालाई सुनिश्चित गर्ने दिशामा जान आवश्यक छ। यस्तो सशक्त बिचारबाट निर्देशित कृषिमात्र दीगो, न्यायपूर्ण र समृद्ध नेपाल निर्माणको आधार बन्नसक्छ।

## निष्कर्ष

नेपालको कृषि क्षेत्र विगतदेखि नै राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड रहँदै आएको छ । कृषिमा संलग्न जनसङ्ख्या, खाद्य सुरक्षामा यसको योगदान, ग्रामीण जीविकोपार्जनको आधार र प्राकृतिक स्रोतको दिगोपनका कारण कृषि नै समृद्ध नेपालको आधारभूत स्तम्भ हो तर, वर्तमानमा जलवायु परिवर्तन, युवा पलाईन, उत्पादन लागतको वृद्धिलगायतका संकटले के देखाउँछ भने कृषि विकासमा नीतिगत सुधारमात्र होइन, वैचारिक पुनःपरिभाषाको पनि जरुरी छ ।

यही सन्दर्भमा, समाजवादी चिन्तक बी.पी. कोइरालाको कृषि दृष्टिकोण अझै पनि सान्दर्भिक छ । उनले कृषि विकासलाई केवल उत्पादन र प्रविधिमा सीमित नराखी, वर्गीय न्याय, आत्मनिर्भरता, स्वदेशी स्वामित्व र कृषकको सशक्तीकरणमा जोड दिएका थिए । उनकाअनुसार कृषक 'उपभोक्ता'मात्र होइन राष्ट्र निर्माणका ' नीतिनिर्माता' र 'उत्पादनशील शक्ति' हुन् ।

बी.पी.को कृषि सोच साना तथा सीमान्त कृषकको स्वामित्व अधिकार, भूमिसुधार, सहकारी प्रवर्द्धन, स्वदेशी बीउ-विजनको संरक्षण तथा बजार पहुँच सुनिश्चिततामा केन्द्रित थियो । 'जसको जोत, उसको पोत' भन्ने सिद्धान्तमार्फत उनले उत्पादन साधनमा समान पहुँचको परिकल्पना गरेका थिए ।

नेपालको हालको कृषि नीति, दीर्घकालीन योजना र जलवायु अनुकुनका प्रतिबद्धताहरू हेर्दा, बीउ, मल, प्रविधि र कर्जामा कृषकलाई प्राथमिकता दिने प्रयास, खाद्य सम्प्रभुता र आयात प्रतिस्थापनजस्ता नीति बी.पी.को सोचसँग मेल खाने देखिन्छन् तर व्यवहारमा ती नीति अझै बजारमुखी, लगानीमैत्री र विदेशी निर्भरता बढाउने ढाँचामा छन् । भूमिसुधार स्थगित छ, सहकारीहरूमा राजनीतिक हस्तक्षेप बढेको छ, बहुराष्ट्रिय कम्पनीको प्रभुत्व बिस्तार हुँदैछ ।

जलवायु संकटले थप चुनौती दिएको वर्तमानमा, बी.पी.को "प्राकृतिक स्रोतहरूको न्यायपूर्ण वितरण" भन्ने भनाइ झन् सान्दर्भिक भएको छ । यद्यपि, जलवायु अनुकूल कृषि कार्यक्रमहरू जनउत्तरदायी र साना कृषक-मुखी बन्न सकेका छैनन् ।

त्यस्तै, युवा पलाईनको समस्या समाधानका लागि बी.पी.ले कृषि-उद्योगीकरण, अनुसन्धान, नवप्रवर्तन र श्रमको गरिमा वृद्धिजस्ता उपायहरू सुझाएका थिए तर आजका नीति संरचनाले युवालाई दीर्घकालीन भूमिस्वामित्व वा स्रोतप्रतिको अधिकार दिन नसक्दा तिनका सुझाव व्यवहारमा अटाएका देखिन्नन् ।

नेपालको संविधानमा सुनिश्चित खाद्य सम्प्रभुताको विचार बी.पी.कै सोचको प्रतिफल हो तर हालको कृषि प्रणालीमा कृषकको प्रतिनिधित्व कमजोर छ, विदेशी कम्पनीको बीउ-मलमा निर्भरता बढ्दैछ र नीतिनिर्माणमा अन्तर्राष्ट्रिय सञ्जालको प्रभावले आत्मनिर्भरताको विचार कमजोर बनाएको छ ।

समग्रमा हेर्दा, नेपालको वर्तमान कृषि नीति तथा रणनीतिमा समावेशीता, संरक्षण र सशक्तीकरणजस्ता बी.पी.को अवधारणा अंशतः समेटिए पनि संरचनागत रूपान्तरण र सामाजिक न्यायप्रति अझै कमजोरी देखिन्छ ।

सोह्रौं योजनासम्म आइपुग्दा नेपालले थुप्रै कृषि नीति रणनीति र विभिन्न कार्ययोजनाहरूको कार्यान्वन अनुभव गरिसकेको छ र अबको आवश्यकता भनेको बी.पी.को आत्मनिर्भर, ग्रामीण विकास केन्द्रित, स्वदेशी आवश्यकतामा आधारित प्रभावकारी अनुसन्धानसहितको कृषि विकासको दृष्टिकोणलाई व्यवहारमा उतार्नु

हो । यसअन्तर्गत पहाडमा दिगो, वातावरणमैत्री कृषि प्रणाली विकास गर्नु र तराईमा व्यावसायिक खाद्यान्न, दुग्ध तथा मासु उत्पादनमा सुधार गर्नु प्रमुख हुनसक्छ ।

यसलेमात्र कृषकलाई न्यायोचित अवसर र संसाधन सुनिश्चित गर्दै दीर्घकालीन खाद्य सुरक्षा र ग्रामीण समृद्धि सम्भव बनाउँछ । आजको बहुआयामिक चुनौतीको घेरामा रहेका नेपाली कृषिले बी.पी.को किसान-मुखी, आत्मनिर्भर, सामाजिक न्यायमा आधारित मार्गदर्शनबाट धेरै सिक्न सक्छन् । उनका विचार केवल राजनीतिक होइन, व्यावहारिक दिशानिर्देशक पनि हुन् ।

## भावी कार्यदिशा

प्रभावकारी, उत्तरदायी र समावेशी कृषि प्रणाली निर्माणका लागि नीतिगत प्रस्तावहरू

### १. कृषि क्षेत्रमा लगानी अभिवृद्धिको आवश्यकता

हाल कृषि क्षेत्रमा भइरहेको सीमित लगानीले संरचनात्मक जड़ता (Inertia) तोड्न नसकेको स्पष्ट देखिन्छ । उत्पादनशीलता वृद्धिसँगै समृद्धिको मार्ग प्रशस्त गर्न संघीय सरकारले कम्तीमा कुल बजेटको ५ प्रतिशत, प्रदेश सरकारले १० प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत कृषि क्षेत्रमा विनियोजन गर्ने नीतिगत व्यवस्था आवश्यक देखिन्छ । यसका लागि अन्तरसरकारी समन्वयमा आधारित नीतिनिर्माण र प्रभावकारी पैरवी अपरिहार्य छ ।

### २. मध्य तथा उच्च पहाडी क्षेत्रका लागि वातावरणीय कृषि प्रणालीको प्रवर्द्धन

मध्य तथा उच्च पहाडी भूभागमा स्थानीय, भौगोलिक र जलवायु सुहाउदो पऱ्यावरणीय कृषि प्रणालीलाई अवलम्बन गर्नुपर्छ । यसअन्तर्गत जैविक खेती, एकीकृत कृषि तथा पशुपालन, कृषि वन प्रणाली, जडिबुटी उत्पादन तथा संरक्षणलाई समेट्ने नीतिनिर्माण आवश्यक छ जसले वातावरणीय सन्तुलनसहित ग्रामीण जीविकोपार्जनमा आत्मनिर्भर बनाउन योगदान पुऱ्याउन सक्छ ।

### ३. खाद्य तथा पोषण सुरक्षाका लागि आत्मनिर्भर उत्पादन प्रणाली

तराई, भित्री मधेश तथा समथर टार क्षेत्रहरूमा असल कृषि अभ्यास (GAP) र असल पशुपालन अभ्यास (GHP)मार्फत खाद्यान्न, दूध, माछा, मासु उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले विशेष व्यवसायकि कार्यक्रम सञ्चालन गर्नुपर्छ । यी कार्यक्रमहरू पोषण सुरक्षासँगै खाद्य स्वच्छता सुनिश्चित गर्न अभिमुख हुनुपर्नेछ । खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षाको विषय बनाइनुपर्दछ ।

### ४. पारिवारिक कृषि प्रणालीमा विविधीकरण

करेसावारी (Home Nutrition Garden) लाई तरकारी, फलफूल, जडिबुटी, घरेलु कुखुरापालन तथा मत्स्यपालनसँग एकीकृत गर्दै पारिवारिक कृषि प्रणालीको रूपमा प्रवर्द्धन गर्न आवश्यक छ । यसले पारिवारिक पोषण, महिला सशक्तीकरण र ग्रामीण घरधुरीको आम्दानीमा वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

### ५. विशेष उत्पादन पकेट (Niche Pockets) कृषि प्रणालीको विकास

एग्रोफरेष्ट्री, सिल्भिपास्टोरल प्रणाली, एकीकृत कृषि-पशुपालन-जडिबुटी, उच्च घनत्वमा फलफूल, प्राङ्गारिक तरकारी, अलैची खेती तथा उच्च पहाडी क्षेत्रका चरन भूमिहरूलाई व्यावसायिक उत्पादन प्रणालीमा रूपान्तरण गर्न निजी क्षेत्रको सहभागिता आवश्यक छ । तसर्थ निजी क्षेत्रका लागि लगानीमैत्री सहजीकरण नीति तथा कानुनी व्यवस्था तयार गरी सशक्त पैरवी गरिनुपर्दछ ।

### ६. कृषि क्षेत्र विकासका लागि उच्चस्तरीय समन्वय संयन्त्र

कृषि क्षेत्रको समग्र विकासका लागि भूमि, सिञ्चाई, वन, उद्योग र सहकारी क्षेत्रहरूलाई एउटै छाता संरचनाअन्तर्गत परिचालन गर्नुपर्ने देखिन्छ । यसका समग्र समन्वय व्यवस्थापनका लागि तीनै तहका सरकारबिच सहकार्य गर्न सक्ने उच्चस्तरीय समन्वय संयन्त्रको विकास अपरिहार्य छ ।

### ७. श्रमप्रधान कृषि पेसाको सीमितता र वैकल्पिक रोजगारीको खाँचो

कृषि पेसा श्रमप्रधान र अधिक समय खर्च हुने पेसा भएकोलेमात्र यसले पर्याप्त रोजगारी सिर्जना गर्न सक्दैन । त्यसैले दिगो तथा आत्मनिर्भर कृषिको स्थायित्वका लागि कृषक परिवारलाई कृषिको अतिरिक्त जलविद्युत्, कृषि पर्यटन तथा सेवा क्षेत्रहरूसँग एकीकृत गरी 'एक परिवार एक रोजगारी' को नीति लागु गर्नुपर्छ जसले कृषि पेसाको स्थायित्व कायम गरी ग्रामीण अर्थतन्त्रमा नव जीवन दिन सक्छ ।

### ८. पूर्वाधार र सेवा प्रणालीको ... नेक्सस विकास

सडक, कृषि, स्वास्थ्य र शिक्षाबिच अन्तर्सम्बन्धयुक्त प्रणाली (Nexus) को विकास गरी एकीकृत ग्रामीण विकास परियोजनामार्फत कृषि विकास कार्यक्रमहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्छ । यसले सेवाप्रवाहमा समन्वय, ग्रामीण बसाइ सराइ र युवा पलाईनमा कमि र दिगो कृषि तथा ग्रामीण समृद्धिको आधार तयार पार्न मद्दत गर्दछ ।

### ९. निजी–सार्वजनिक–सहकारी अवधारणामा आधारित कृषि विकास

सरकारी भूमिका साँघुरो पार्दै निजी, सरकारी तथा सहकारी क्षेत्रको साझेदारीमा आधारित कृषि विकास रणनीति अवलम्बन गर्नुपर्छ । यसले कार्यान्वयन क्षमता अभिवृद्धि गर्नुका साथै नवप्रवर्तन, पूर्वाधार विकास र लगानी प्रवाहलाई प्रोत्साहन गर्दछ ।

### १०. बसाइँसराई प्रभावित क्षेत्रका लागि नवीन कृषि मोडेल

हिमाली, पहाडी तथा दुर्गम क्षेत्रहरूमा बसाइसराइ र युवापलाईनका कारण खाली हुँदै गएको खेतीयोग्य जमिनमा करार खेती (Contract Farming), सरकारी निजी क्षेत्रको साझेदारी (Public– Private–Partnership) मोडेल र वैदेशिक लगानी आकर्षित गर्न सकिने सम्भावना छ । उच्च मूल्यका बाली, पशुपालन तथा कानुनले अनुमति दिएका जडिबुटी, वन्यजन्तु पालनमार्फत त्यस्ता क्षेत्रहरूलाई व्यावसायिक कृषि पकेटमा रूपान्तरण गर्नुपर्छ ।

### ११. अनुसन्धान, प्रविधि र शैक्षिक संस्थाको पुनर्संरचना

कृषि शिक्षा, अनुसन्धान र कृषि प्रसारको प्रभावकारी समन्वय तथा सहकार्यबाट देशमा कृषि विकासले राम्रो गति लिने हो । कृषि शिक्षा देश सुहाउँदो हुन नसकेको र कृषि अनुसन्धान र प्रसार बिचको दूरि बढदै जाँदा एक आपसमा हुनुपर्ने पृष्ठपोषणको सयन्त्र टुटेको अवस्था छ । देश सुहाउँदो कृषि शिक्षा र कृषि प्रसारको पृष्ठपोषणमा आधारित कृषि अनुसंधानको व्यवस्थापन गर्ने गरी पुनरचना गर्ने नीति आवश्यक छ ।

### १२. संघीय परिवेशमा कृषि विकास संरचनाको पुनरावलोकन

हाल संघीय परिवेशमा तिनै तहका कृषि विकास संरचनाहरू एक आपसमा प्रभावकारी रूपमा कार्यान्वयन (Functional) हुन सकेका छैनन् । राष्ट्रिय लक्ष्य समेटेर कार्यक्रम विकास तथा कार्यान्वयन गर्न, स्थानीय मागमा आधारित कृषि अनुसन्धानको विकास गर्न, गुणस्तर नियन्त्रण तथा नियमन क्रियाकलापहरूलाई प्रभावकारी बनाउदै स्थानीय तहलाई प्राविधिकरूपमा सक्षम बनाउने कार्यमूलक प्राविधिक शृङ्खला (Technical Chain)

विकास गरी अनिवार्य ठाडो तथा समानान्तर समन्वय, सहकार्य र रिपोर्टिङ (Vertical and Horizontal Linkages) गर्न सक्ने व्यवस्था गर्न आवश्यक छ । संघीय कार्यालयहरूमा रहेका उच्च तहका जनशक्तिको उपयुक्त सङ्गठन व्यवस्थापन गरी प्रादेशिक तथा स्थानीय तहको क्षमता अभिवृद्धि, गुणस्तर नियन्त्रण तथा नियमन कार्यमा प्रत्यक्ष संलग्न भै कार्य सम्पादन गर्न सक्ने नीतिगत व्यवस्था हुन अति आवश्यक छ ।

## सन्दर्भ सामग्री


अर्जुनप्रसाद पोखरेल. (२०२३). नेपाली राजनीतिमा बी. पी. कोइराला र उनको दर्शन, समीक्षात्मक अध्ययन Voice : A Biannual & Bilingual Journal 2023 December, Vol : 15, No. 2, pp.134-141 DOI :https://doi.org/10.3126/voice.v15i2.61457

विश्वेश्वरप्रसाद कोइराला आत्मवृत्तान्त .(१९९८). (पहिलो नेपाली संस्करण)

विजयप्रसाद मिश्र (२०२४) बी.पी. कोइरालाको संक्षिप्त जीवनी HISAN Journal (Vol.-10, No-1, Dec. 2024) Received Date: Oct. 2024 Doi: https://doi.org/10.3126/hisan.v10i1.74932

Jagat Prasad Parajuli. (2021). Strategic Leadership and Statesmanship of B. P. Koirala: Tread to Nation Building. Contemporary Social Sciences. Vol. 30, No. 4 (October-December)

Mahendra Sapkota. (2024). Democratic Socialism of BP and its Imperatives in Nepal's Politics and Development: A Critical Outlook, Journey for Sustainable Development and Peace Journal Vol 2 Issue 2

नेपालको पर्यावरणीय कृषि मार्गचित्र मस्यौदा रूपरेखा २०२५ (अप्रकाशित)

नेपाल सरकार. (२०६१). राष्ट्रिय कृषि नीति. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०६४). कृषि जैविक विविधता नीति . कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०६६). व्यापार नीति,२०६६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०६९). राष्ट्रिय भूमिको उपयोग नीति. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०७२). कृषि विकास रणनीति, २०७२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०७३). राष्ट्रिय व्यापार एकीकरण रणनीति, २०७३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०७६). राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०७९). आर्थिक सर्वेक्षण. अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०८१). सोर्हौं योजना. राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार. (२०८१). राष्ट्रिय निर्धारित योगदान (NDC 3.0). वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार (२०१६) बिर्ता उन्मूलन ऐन नेपाल कानुन आयोग नयाँ बानेश्वर काठमाडौं ।

नेपाल सरकार. (२०२१). Nepal’s Food Systems Transformation: Context, Pathways and Actions. राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।